प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

## डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (नि:शुल्क) छात्रवृति तर्फ बिभिन्न कार्यक्रमहरुमा रिक्त रहेको सिटमा भर्नाको लागि निवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/०५

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१/०३/१५ गते शैक्षिक सत्र २०८१/०८२ को लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको वर्गीकृत नि:शुल्क छात्रवृति छनोटको लागि तोकिएको मिति र समय भित्र आनलाईन फारम भरि मिति २०८१/०४/१२ गतेको प्रवेश परिक्षामा सम्मिलित भई योग्य आवेदकहरु मध्येबाट **डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धि निर्देशिका २०८१** अनुसार यस कार्यालयबाट बिभिन्न मितिमा प्रकाशित नतिजा बमोजिम सिफारिस गरिएको शिक्षण संस्थाहरुमा तोकिएको मिति र समय भित्र भर्ना नभई रिक्त रहेका कोटाहरूमा परीक्षा नियन्त्रण कार्यालयको च.नं. ३८१, मिति २०८१/०८/०४ गतेको पत्रानुसार शिक्षण संस्थाहरुबाट प्राप्त रिक्त सिटको विवरण अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरुमा भर्नाको प्रकृयाको लागि सम्बन्धित कार्यक्रमको सम्बन्धित कोटामा उतिर्ण सुचिमा रहेका तथा यस भन्दा अगाडी सिफारिस नभएका विधार्थीहरुलाई यसै सूचनासंग संलग्न फाराम भरि २०८१/०८/०७ गते भित्र यस कार्यालयमा स्वयं उपस्थित भई निवेदन दर्ता गराउनुहुन अनुरोध छ ।

**<u>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

१. प्रदेश कार्यालयले तयार पारेको निवेदन
२. प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपि
३. प्रकाशित नतिजा सिट
४. लक्षित वर्गको भए सो खुल्ने कागजात

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मधेश प्रदेश कार्यालय जनकपुरधाम, धनुषा २०७५